# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## अदानचुली गाउँपालिका

## हुम्ला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## अदानचुली गाउँपालिका

## हुम्ला




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## अदानचुली गाउँपालिका

### हुम्ला

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौँ, नेपाल
Anamnagar, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश**

पत्र संख्याः २०७९।८०

च.नं. : ३८ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,

अदानचुली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

हुम्ला।

**कैफियत सहितको राय**

हामीले अदानचुली गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२. लेखापरीक्षणबाट रू.७ करोड ३९ लाख ३३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ७० लाख २२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ करोड ६६ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ७८ लाख ९१ हजार र पेश्की रु २३ लाख ५५ हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.१६ करोड २२ लाख ७१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २३ करोड ६२ लाख ४ हजार रहेको छ। गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# अदानचुली गाउँपालिका, हुम्ला

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| **प्रारम्भिक बेरुजु** | | | **प्रतिक्रियाबाट फछर्यौट** | | | **बाँकी बेरुजु** | | | **बेरुजु** | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३७ | ३४ | ७३९३३ | ० | ० | ० | ३७ | ३४ | ७३९३३ | ७०२२ | २७८९१ | ३६६६५ | ० | ० | ६४५५६ | २३५५ |

### 1.2 प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| **क्र.सं** | **प्रारम्भिक प्रतिवेदनको दफा नं.** | **छोटकरी व्यहोरा** | **रकम रु.** |
|---|---|---|---|
| ० | ० | ० | ० |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछर्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| अदानचुली गाउँपालिका हुम्ला | १६२२७१ | ० | ० | १६२२७१ | ० | ७३९३३ | २३६२०४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : अदानचुली गाउँपालिका, हुम्ला , अडानचुली गाउँपालिका , हुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | टक्कदत्त प्याकुरेल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दत्त थापा | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ७३,९३३,०९१.२२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १,४४,३६,३७२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २१,४४,०३,००० | **चालु खर्च** | ६,३३,१०,७२७ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०७,१७,००० | **पूँजीगत खर्च** | ५,७३,७७,५४४ |
| **राजश्व बाँडफाँट** | ३,७९,८४,३०४ | **वित्तीय/अन्य व्यवस्था** | २२,६९,३५,४८६ |
| **आन्तरिक आय** | १,८१,३५० | | |
| **अन्य आय** | ७,४९,८२,३२२ | | |
| **कुल आय** | ३४,८२,६७,९७६ | **कुल खर्च** | ३४,७६,२३,७५७ |
| **बाँकी मौज्दात** | | १,५०,८०,५९१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **स्थानीय संचित कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

## एकिकृत आय-व्यय विवरण

| | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | १४४३६३७२ | १ | **चालु खर्च** | ६३३१०७२७ | ६३३१०७२७ |
| | क) धरौटी मौज्दात | २२८५८२० | | २ | **पूँजीगत खर्च** | ५७३७७५४४ | ५७३७७५४४ |
| | ख) बैंङ्क मौज्दात | १२१५०५५२ | | ३ | **संघीय सशर्त अनुदान** | १३८४३८४९० | १३८४३८४९० |
| २ | **राजस्व ( आन्तरिक आय)** | | ३८१६५६५४ | 4 | **अन्तर सरकारी अख्तियारी** | ७११३४१०० | ७११३४१०० |
| | क) आन्तरिक राजस्व | १८१३५० | | 5 | **अन्तर स्थानीय तह** | १५००००० | १५००००० |
| | ख) राजस्व बाँडफाँड | ३७९८४३०४ | | 6 | **कोष फिर्ता** | १३०३२३८९ | १३०३२३८९ |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | २१४४०३००० | | क)सशर्त अनुदान पूजीगत | ८३९४३८९ | |
| | क) वित्तिय समानीकरण अनुदान | ७०४००००० | | | ख)सशर्त अनुदान चालु | ६३८००० | |
| | ख) सशर्त अनुदान | १४४००३००० | | | ग)विशेष अनुदान | ४०००००० | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | २०७१७००० | 7 | **धरौटी फिर्ता** | २८३०५०७ | २८३०५०७ |
| | क) वित्तिय समानीकरण अनुदान | ६८५४००० | | 8 | **मौज्दात** | १५०८०५९१ | १५०८०५९१ |
| | ख) सशर्त अनुदान | ९८६३००० | | | क) बैंक | १३२७७०५५ | |
| | घ) विशेष अनुदान | ४०००००० | | | क) धरौटी | १८०३५३६ | १८०३५३६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| ५ | अन्तर स्थानीयतहबाट प्राप्त आय | १५००००० | १५००००० | | | | |
| 6 | अन्तर सरकारी अख्तयारी | ७११३४१०० | ७११३४१०० | | | | |
| 7 | धरौटी आय | २३४८२२२ | २३४८२२२ | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | जम्मा | ३६२७०४३४८ | ३६२७०४३४८ | | जम्मा | ३६२७०४३४८ | ३६२७०४३४८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **लेखापरीक्षण सिमा**<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मानदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| ४ | | | **परिचय**<br>**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ। यस गाउँपालिका अन्तर्गत ६ वडा, ३२ सभा सदस्य, १५०.६१ वर्ग किलोमिटर क्षेत्रफल तथा ७,११६ जना जनसंख्या रहेको छ। | |
| ५ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>अग्रिम आयकर, बढी भुक्तानी भएको समेत रु.1,49,585 लेखापरीक्षणबाट औल्याएपछि संघीय संचितकोषमा दाखिला भएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **वित्तीय विवरण**<br>**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन।**<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण गाउँपालिकाले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । | |
| ६ | | | **चौमासिक पूँजीगत खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ ।पालिकाले उपलब्ध गराएको विवरणअनुसार चालु तर्फ रु.६३३१०७२७ र पूजीगत तर्फ रु.५७३७७५४४ गरी जम्मा रु.१२०६८८२७१ खर्च गरेकोमा प्रथम चौमासिकमा रु. ४०२२९४२३ अर्थात ३३.३३ प्रतिशत , दोश्रो चौमासिकमा रु.४०२२९४२३ अर्थात ३३.३३ प्रतिशत र तेस्रो चौमासिकमा ४०२२९४१७ अर्थात ३३.३३ प्रतिशत र असाढमा मात्र रु.४०२२९४१७ अर्थात ३३.३३ प्रतिशत खर्च गरेको प्राप्त विवरणबाट देखिन्छ । यसरी असाढ महिनामा आएर खर्चको चाप बढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनु पर्दछ । | |
| ७ | | | **खर्च बिश्लेषण**<br>गाउँपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१८१३५० राजस्व बाँडफाँट र अनुदानबाट रु.३४५९१९७५४ समेत रु.३४६१०११०४ आम्दानी भएकोमा चालु तर्फ रु.६३३१०७२७ र पूँजिगत तर्फ रु.५७३७७५४४ समेत रु.१२०६८८२७१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.१५ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू.९०३३००० खर्च भएको छ जुन आन्तरिक आयको ४८८१ प्रतिशत बढी रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट १८.३० प्रतिशत चालु र १६.५९ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **राजश्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख गाउँपालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो । | |
| ९ | | | **प्रदेश सरकारको अनुदान फिर्ता**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम (४५) अनुसार संघिय संचित कोषबाट स्थानिय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्वन्धित आर्थिक वर्ष भित्र खर्च नभई बांकी रहेको ससर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्ष भित्र प्रदेश तथा स्थानिय तहले संघीय संचित कोषमाफिर्ता गर्नुपर्ने व्यवस्था छ ।तर गाउंपालिकाले प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान रकम खर्च गरी बाँकी रहेको रकम प्रदेश संचित कोषमा फिर्ता नगरेको रु. | ८३०,६११ |
| १० | | | **संघिय सरकारको अनुदान फिर्ता**<br>आर्थिककार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलीको नियम (४५) अनुसार संघीय संचित कोषबाट स्थानीय तहमा भएको वित्तिय हस्तान्तरणको रकम मध्ये सम्वन्धित आर्थिक वर्ष भित्र खर्च नभई बांकी रहेको सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्ष भित्र प्रदेश तथा स्थानीय तहले संघीय संचित कोषमाफिर्ता गर्नुपर्ने व्यवस्था छ ।तर गाउंपालिकाले संघीय सरकारको सशर्त अनुदानबाट खर्च गरी बाँकी रहेको रकम संघीय संचित कोषमा फिर्ता नगरेको रु | ७,२११,०१० |
| ११ | | | **बजेट सीमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धीनियम तथा कार्यविधिकोतर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **अवण्डा**<br>स्थानीय निकायको सभाबाट आयोजनागत रुपमा बजेट बाँडफाँट नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ । गाउँसभाबाट २०७८।७९ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँट नगरी भैपरी आउने पुंजिगत शिर्षकमा २,४९,३६,९९०.० र गत वर्षको मौज्दात शीर्षकको रु.९०,६०,५१०.० समेत एकमुष्ठरुपमा रु. ३ करोड १२ लाख ८४ हजार अवण्डा राखेको देखियो । सभाबाट योजनागत बजेट तयार नगरी गाउंपालिकाले ६९ योजनामा बजेट बाँडफाँट गरेको देखिन्छ ।यसरी गाउंपालिकाले सिधै योजनामा बजेट बांडफांट गर्दा मागमा आधारित योजनामा खर्च नभई स्वविवेकीय आधारमा योजना छनौट हुने हुँदा सभाबाट नियममा तोकिएबमोजिम आयोजनागत बजेट बाँडफाँट गरिनुपर्दछ । | |
| १३ | | | **ऐनको कार्यान्वयन**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(7)मा गाउँपालिकाले गाउँसभाबाट स्विकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७4(5)मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ।यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्विकृत कार्यक्रम भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो।गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन। यसबाट गाउँसभाबाट स्विकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन।गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ। | |
| १४ | | | **योजना छनौट र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८/७९ को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन<br>**रु १ लाख सम्म**: ३; **रु १ लाख देखि २ लाखसम्म**: १८; **रु २ लाखदेखि ५ लाखसम्मका**: ४४; **रु ५लाख देखि १० लाखसम्मका**: १८; **रु १० लाखभन्दा बढीको**: १३; **जम्मा**: ९६<br>उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष जम्मा ९६ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ६५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ६१४२११८३ पूँजीगत/खरिद निर्माण कार्य गरेको छ।तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ। | |
| १६ | | | **खर्चको अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने र सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्थाछ । यस सिमकोट गाउँपालिकाका उपध्यक्षले मिति २०७८।३।१० गतेबजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।३० गते पारित भएको छ । तयस्तै गाउँपालिका अध्यक्षले २०७८।४।१ प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । यसरी खर्च गर्ने अख्तियारी ढिलो गरी दिदा ठेक्का व्यवस्थापन लगायतका विकास निर्माणका कार्यहरु समयमै सम्पन्न हुन नसकी समग्र आयोजनाको लागत बढ्न गई स्रोत व्यवस्थापनमा दवाव बढन जाने भएकोले ऐनमा भएको व्यवस्थाको पूर्णपालना गरिनुपर्दछ । | |
| १७ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमासमिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार समिति गठन गरेको छैन । समिति गठन नगर्दा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १८ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संङ्कलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-१४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख गाउँपालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन,२०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउँपालिका तथा गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले गाउँपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>• मुल्यअभिवृद्धि कर नियमावली,२०५३ बमोजिम मुल्य अभिवृद्धि कर भुक्तानी भएका फर्मको जानकारी नगराएको ।<br>• भ्रमण अभिलेख खाता म.ले.प.फा.नं.९०८ तथा भ्रमण प्रतिवेदन म.ले.प.फा.नं.९०९ प्रयोगमा नल्याएको ।<br>• खरिद इकाई गठन नगरेको तथा खरिद योजना तयार नगरेको।<br>• सार्वजनिक खरिद ऐन,२०६३ बमोजिम पान नम्बर भएका फर्मसँग मात्र कारोवार गर्ने प्रावधान पुर्ण रुपमा लागु नगरेको।<br>• अन्तिम तथा आन्तरीक लेखापरीक्षणबाट देखिएका वेरुजु समयमानै फछ्यौंट नगरेको ।<br>• अन्तिम लेखापरीक्षणबाट देखिएका वेरुजुको लगत राखी सम्परीक्षण सम्बन्धी कार्य नगरेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • कार्यालय प्रमुख, लेखा प्रमुख तथा गाउँपालिकका पदाधिकारीको नाममा पेश्की दिने गरेको<br>गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १९ | | | **आयको अनुमान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ घरजग्गा बहाल कर रु.८९ हजार प्राप्त हुने अनुमान गरेकोमा रु.८९ हजार नै असुली भएको छ । त्यस्तै पालिकाले सिफारिश दस्तुर रु.९२३५० प्राप्त हुने अनुमान गरेकोमा रु.९२३५० नै असुली भएको छ । पालिकाले अन्य आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २० | | | **सेवाप्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ११ वटा ऐन १८ वटा नियमावली ६ वटा कार्यविधि लगायत ३५ वटा कानून स्वीकृत गरी कार्यान्वियनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता ४२ वटा, मृत्यु दर्ता १५ वटा, बसाइँसराइ ६ वटा, विवाह दर्ता १४ वटा गरेको विवरण प्राप्त भएको छ । | |
| २१ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यसतै दफा ५३(२) मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष न्यायिक समितिमा गत आ.व.को मुद्दा फर्छ्यौट हुन बाँकी ५ वटा चालु आ.व.मा थप ६ वटा गरि जम्मा फर्छ्यौट गर्नुपर्ने ११ वटा मुद्दा रहेकोमा चालु आ.व.मा ७ वटा मुद्दा फर्छ्यौट गरी ४ वटा मुद्दा फर्छ्यौट गर्न बाँकी रहेको गाउँपालिकाबाट प्राप्त विवरणबाट देखिन्छ । त्यस्तै नियम ५३ बमोजिमको न्यायिक समितिले बार्षिक प्रतिवेदन सभा समक्ष पेश गरेको छैन । अत ऐनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **कर्मचारी पदपूर्ति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाबाट पालिका र आफ्ना मातहत भित्र कार्यरत कर्मचारीहरुको विवरण माग गर्दा विवरण प्राप्त गर्न सकिएन ।जसले गर्दा पालिकामा कार्यरत कर्मचारी र सेवाग्राहीको चापको अवस्थाको मूल्यांकन गर्न सक्ने अवस्था छैन । अत: नियमावलीमा भएको व्यवस्थाको पूर्ण कार्यान्वयन गरी रिक्त रहेका पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २३ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा 97 जना कर्मचारीहरू करारमा राखी रू.१ करोड 10लाख 5 हजार खर्च लेखेको छ । | |
| २४ | | | **आन्तरिक लेखापरीक्षण शाखा**<br>प्रत्येक गाउँपालिकाले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| २५ | | | **आन्तरीक लेखापरीक्षण**<br>स्थानीयतहसंचालनऐन, २०७४कोदफा७७ (२) मास्थानीयतहलेआर्थिककारोबारकोनियमितता, मितव्ययिता, कार्यदक्षतारप्रभावकारीताकोआधारमाप्रत्येकचौमासिकसमाप्तभएकोएकमहिनाभित्रआन्तरिकलेखापरीक्षणगराउनुपर्नेउल्लेखछ।तरगाउंपालिकालेयसवर्षको सवै आर्थिककारोबारकोआन्तरिकलेखापरीक्षणगराएकोछैन । ऐनमा भएको व्यवस्था बमोजिम आन्तरीक लेखापरीक्षण गराउनु पर्दछ । | |
| २६ | | | **वार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले यस कोषको स्थापना नै गरेको देखिएन।ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ। | |
| २८ | | | **विद्यालय भवन निर्माण**<br>विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम प्रगतिको आधारमा अनुदान रकम उपलब्ध गराउनु पर्ने ब्यबस्था छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको पत्र अनुसार स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित विद्यालयको खातामा तत्काल निकाशा दिई सोको प्रतिवेदन, लेखापरीक्षण, सामाजिक परिक्षण लगायतका कार्यको लागी सम्बन्धित विद्यालयलाई जिम्मेवार र जवाफदेही वनाउन निर्देशाकानुसार प्रथम किस्ता ५०% रकम र कार्य सम्पन्न प्रतिवेदन पश्चात थप ५०% रकम उपलब्ध गराउनु पर्ने व्यवस्था भएतापनि कार्यालयले निर्माण कार्य सुरुवात नहुदै रु.३७,४०,०००.० सुर्योदय माध्यामिक विद्यालयलाई उपलब्ध गराएकोमा कार्यसम्पन्न प्रतिवेदन पेश भएतापनि गाउंपालिकाले कार्यसम्पन्न नभएको कारण बैंक खाता रोक्का गरि राखेको देखियो । यसरी सम्पन्न नभएको कार्यको कार्यसम्पन्न तयार गरि भुक्तानी भएको कार्यको छानविन गरि अनुदान फिर्ता गर्नु पर्दछ । | ३,७४०,००० |
| २९ | | | **भ्रमण खर्च**<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छनः<br>• अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु गाउँपालिका वा कार्यालयसँग असम्बन्धित गाँउगाउँपालिमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ३० | | | **आर्थिक सहायता** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले यो वर्ष पूँजीगत खर्च शीर्षकबाट दुर्घटनामा मृत्यु भएका, प्राकृतिक प्रकोपमा परेका, औषधि उपचार लगायतमा विभिन्न व्यक्तिलाई रु.2125660/-आर्थिक सहायता वितरण गरेको छ। आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.सं. | भौ.नं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानीको विवरण | भुब्तानी रकम |
|---|---|---|---|---|
| १ | २२८/०७८।११।२९ | रुड्की कुलाल | औषधी उपचार | २५००० |
| २ | | तेजे सुनार | | २०००० |
| ३ | | धर्मे पार्की | | २५००० |
| ४ | | सर्पे बुढा | | २५००० |
| ५ | २२९/०७८।११।२२ | दल फडेरा | गा पा अध्यक्ष (औषधी उपचार) | १५०००० |
| ६ | | प्रेम बहादुर बुढा | औषधी उपचार | ५०००० |
| ७ | | उब्जन मल्ल | | ५०००० |
| ८ | २३०/०७८।११।२९ | मान्या टमाटा | का पा स (औषधी उपचार) | २६००० |
| ९ | २३२/०७८।१२।२७ | अजविर शाही | औषधी उपचार | ५०००० |
| १० | | सेतु बुमी | | १००००० |
| ११ | | सुभराज बुढा | | ६०००० |
| १२ | २३३/०७८।१२।२३ | मोहन नेपाली | | ४०००० |
| १३ | | मोहन भण्डारी | | ४०००० |
| १४ | २३४/०७८।१२।७ | रतन रोकाया | | १००००० |
| १५ | २३५/०७८।१२।९ | दत्त बहादुर सिह | | १५००० |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १६ | | जग्ग कुलाला | | २५००० | | |
| | | | | १७ | | सर्मिला बोगटी | | २०००० | | |
| | | | | १८ | | हेलु भण्डारी | | ७०००० | | |
| | | | | १९ | २३६/०७८।१२।२३ | मिम फडेरा | | १००००० | | |
| | | | | २० | २३७/०७८।१२।२३ | मन्जिते बुमी | | १००००० | | |
| | | | | २१ | २३८(क)/०७८।१२।२५ | कल बहादुर सुनार | | १४५००० | | |
| | | | | २२ | २३९/०७८।१२।२५ | दिप बहादुर फडेरा | | १५००० | | |
| | | | | २३ | | पोर्से टमाटा | | ३०००० | | |
| | | | | २४ | १५/०७८।०६।०७ | हर्कधन फडेरा | | ३४४७५ | | |
| | | | | २५ | १६/०७८।०६।०७ | कर्म फडेरा | | ३४४७५ | | |
| | | | | २६ | ४३/०७८।०७।१४ | दल फडेरा | राष्ट्रिय महासंघ नेपाल सदस्यता शुल्क वापत भुक्तानी | २०००० | | |
| | | | | २७ | ४४/२०७८।०७।१४ | मिजरा टमटा | औषधी उपचार | ३१५२० | | |
| | | | | २८ | ४५/०७८।०७।१४ | सेतु टमटा | औषधी उपचार | ३३४९० | | |
| | | | | २९ | ४८/०७८।०७।१४ | शुभराज बुढा | शैक्षिक सहायता (निवेदन नभएको) | ७८८०० | | |
| | | | | ३० | ४९/०७८।०७।१४ | अंगराज भण्डारी | शैक्षिक सहायता (निवेदन नभएको) | ७८८०० | | |
| | | | | ३१ | ५०/०७८।०७।१४ | विमला रोकाया | औषधी उपचार | २९५५० | | |
| | | | | ३२ | ५१/०७९।०७।१४ | लग्न फडेरा | आर्थिक अवस्था कमजोर भएको | २९५५० | | |
| | | | | ३३ | ५२/०७८।०७।१४ | गोकुल पुन | औषधी उपचार | ३९४०० | | |
| | | | | ३४ | ५३/०७८।०७।१४ | मायादेवी थापा | शैक्षिक सहायता (निवेदन नभएको) | ७८८०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३५ | ५४/०७८।०७।१४ | वसन्त भण्डारी | शैक्षिक सहायता (निवेदन नभएको) | ३९४०० | | |
| | | | | | ५५/०७८।७।१४ | सौमती रावल | औषधी उपचार | ८८८०० | | |
| | | | | ३६ | ११३/०७८।१०।१८ | कलसरी टमटा | औषधी उपचार | १५००० | | |
| | | | | ३७ | ११४/०७८।१०।१८ | दत्त टमटा | औषधी उपचार | १५००० | | |
| | | | | ३८ | ११६/०७८।१०।२३ | मनोज फडेरा | औषधी उपचार | ७८८०० | | |
| | | | | ३८ | १२९/०७८।१०।२४ | बसन्ती फडेरा | औषधी उपचार | १०००० | | |
| | | | | ३९ | १२९/०७८।१०।२४ | हरी सुनार | औषधी उपचार | ३०००० | | |
| | | | | ४० | १३०/०७८।१०।२४ | आशाराम गुरुङ | औषधी उपचार | १०००० | | |
| | | | | ४१ | १४७/०७८।१०।२७ | कल बहादुर हमाल | औषधी उपचार | ४९२५० | | |
| | | | | ४२ | १५२/०७८।११।१२ | दल बहादुर फडेरा | औषधी उपचार | १९५५० | | |
| | | | | | | | **जम्मा** | **२१२५६६०** | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१</td><td></td><td></td><td>कोभिड १९ व्यवस्थापन<br>कोभिड महामारीवाट प्रभावित अति विपन्न परिवारलाई नगद हस्तान्तरण कार्यक्रम अन्तरगत कोभिड महामारीवाट प्रभावित अति विपन्न परिवार हो भनि सम्बन्धित वडाको सिफरिस संलग्न गरी लाभग्रीहरुको खातामा रकम जम्मा गर्नु पर्नेमा सो नगरी ६ वटा वडामा २६६ परिवारको रु. १०००० ले हुने रु. २२६००००.०० मा १ प्रतिशत सामाजिक सुरक्ष कर कट्टा गरी निम्न अनुसारको रकम वडा अध्यक्षहरुलाई भुक्तानी दिएको छ । उक्त रकम सम्बन्धित परिवारलाई वितरण भएको भरपाई पेश गरेको नदेखिएकोले वडाको सिफारिस सहित रकम वितरण गरेको प्रमाण पेश हुनु पर्दछ रु.<br>
<table>
<tr><th>क्र. सं.</th><th>भुक्तानी पाउनेको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>आके महातारा</td><td>३२६७००.००</td></tr>
<tr><td>२</td><td>नन्द महातारा</td><td>३६६३००.००</td></tr>
<tr><td>३</td><td>डिल बहादुर फरेडा</td><td>४१५८००.००</td></tr>
<tr><td>४</td><td>मन ऋषि पाण्डे</td><td>३६६३००.००</td></tr>
<tr><td>५</td><td>कमल बहादुर छत्याल</td><td>३९६०००.००</td></tr>
<tr><td>६</td><td>बृष बहादुर बुढा</td><td>३६६३००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२२३७४००.००</td></tr>
</table></td><td>२,२३७,४००</td></tr>
<tr><td>३२</td><td></td><td></td><td>जिन्सी व्यवस्थापन<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी कितावमा सात दिनभित्र आम्दानी बांधि लगत अद्यावधिक गर्नु, गराउनुपर्ने व्यवस्था छ ।कार्यालयले कार्यालयमा रहेका, आर्थिक वर्ष भित्र खरिद भएका, कुनै प्रकारले हस्तान्तरण भई आएका, भुतपुर्व पदाधिकारी, अवकाश प्राप्त वा सरुवा भई गएका कर्मचारीहरुले बरबुझारथ गरेका कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट, सवारी साधन र अन्य फर्निचर जस्ता जिन्सी सामानहरु आम्दानी बांधि लगत अद्यावधिक गरेको देखिएन । यसरी जिन्सी मालसामानको लगत अद्यावधिक नगर्दा जिन्सी मालसामानहरु हराउने, हिनामिना हुन सक्ने हुँदा कार्यालयमा प्राप्त भएका जिन्सी मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **पदाधिकारी सुविधा**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदालतको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीहरूलाई मासिक सुविधा वापत यो वर्ष रु. ४१,९४,२८५/- खर्च लेखेको देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>

**स्वकीय सचिव तथा कानूनी सल्लाहकार नियुक्ती**

कर्णाली प्रदेश सभाद्वारा बनेको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन २०७७ मा यस कर्णाली प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार तथा भान्से राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँपालिकाले निम्नानुसार पदमा निम्नानुसार कर्मचारी नियुक्ती गरी मासिक तलव भत्ता भुक्तानी गरेको छ । यसरी नमिल्ने पदमा नियुक्त गरी तलव भत्ता भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु.

<table>
<tr><th>क्र. सं.</th><th>नियुक्ती पाउने कर्मचारीको नाम</th><th>पद</th><th>तलव स्केल</th><th>भुक्तानी</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>मदन फडेरा</td><td>स्वकीय सचिव</td><td>३०२०० </td><td>३९२६०० </td><td>गा पा अध्यक्षको स्वकीय सचिवको रुपमा नियुक्त</td></tr>
<tr><td>२</td><td>देविशरण फडेरा</td><td>कानूनी सल्लाहकार</td><td>२८६१० </td><td>३७१९३० </td><td></td></tr>
<tr><td>३</td><td>रमेश ऐडी</td><td></td><td>२३५०० </td><td>३०५५०० </td><td>गा पा उपाध्यक्षको स्वकीय सचिवको रुपमा नियुक्त</td></tr>
<tr><td>४</td><td>जीवन बुढा</td><td>स्वकीय सचिव</td><td>३०२०० </td><td>६२७७५</td><td>नयाँ गा पा अध्यक्षको स्वकीय सचिवको रुपमा महंगी तथा स्थानीय भत्ता पाउने गरी नियुक्त (जेष्ठ १५ देखि)</td></tr>
<tr><td>५</td><td>दलु टमाटा</td><td>उद्यमसिलता सुपरभाइजर</td><td>१८०००</td><td>२१६०००</td><td>स्वीकृत पद नै नभएको पदमा नियुक्ती</td></tr>
<tr><td></td><td></td><td>**जम्मा**</td><td></td><td>**१३४८८०५**</td><td></td></tr>
</table>

</td><td>१,३४८,८०५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **विवरण अध्यावधिक**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि ,२०७७ को बुंदा २६(३) मा एक आर्थिक वर्ष सम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्वन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस गाउंपालिकाले समवन्धीत बैंकबाट उक्त विवरण लिई छानविन गरेको पाइएन । कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको छानविन गरी भत्ता रकम फिर्ता दाखिला गर्नु पर्दछ । | |
| ३६ | | | **सामाजिक सुरक्षा**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा २६(२) मा स्थानीय तहबाट वितरण गर्ने सामाजिक सुरक्षा भत्ता रकम तोकिएको आर्थिक वर्षमा खर्च नभएमा वा लाभग्राहीको खातामा जम्मा हुन नसकेमा वा स्थानीय तहमा नगद मौज्दात भएमा आर्थिक वर्षको अन्त्यमा सो रकम संघिय संचित कोष दाखिला गर्नु पर्ने व्यवस्था छ । यस गाउंपालिकाले यो वर्ष सामाजिक सुरक्षा भत्ताको लागि जम्मा रु.४,६६,८४,१३६.० बैंक पठाएकोमा बैंकले रु.४,६०,३०,६२७.० मात्र वितरण गरी रु.६,५३.५०९.० मौज्दात नै राखेको देखियो । उक्त रकम संघिय संचित कोष दाखिला गर्नु पर्दछ रु. | ६५३,५०९ |
| ३७ | | | **दिवा खाजा**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/७९ को क्रियाकलाप नं. १.१.४.१ मा समुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखी कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरुका लागि दिवा खाजा उपलब्ध गराउन विधालयगत तथ्याङ्कको आधारमा कार्णाली अञ्चलका मुगु, डल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाको स्थानिय तहमा रु २०।... का दरले तथा अन्य स्थानिय तहतहले रु १५।... का दरले १८० दिन का लागि विधालयलाई दिवा खाजा वापत अनुदान निकासा दिने उल्लेख छ। पालिकाले निम्न विद्यालयलाई EMIS को विधार्थी तथ्याङ्क भन्दा बढी दिवा खाजा अनुदान दिएको छ । बढी अनुदान रकम असुल गर्नु पर्दछ रु. | २८८,००० |

| विधालयको नाम | निकासा हुनु पर्ने | भएको | बढी |
|---|---|---|---|
| कैलाशपुरी बाल विकास केन्द्र | ६*१६०*२०=१९२०० | १५६००० | १३७६००.०० |
| हिमालचुली बाल विकास केन्द्र | ४२*१६०*२०=१३४४०० | २४९६०० | ११५२००.०० |
| गुम्बा बाल विकास केन्द्र | ११*१६०*२०=३५२०० | ७०४०० | ३५२००.०० |
| **जम्मा** | | | **२८८०००.००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **पकेट क्षेत्रमा अनुदान**<br>प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुवल, २०७७ को परिच्छेद ७ मा कृषि उत्पादन सामाग्री तथा उपकरणमा ५० प्रतिशत अनुदान दिने उल्लेख छ । पालिकाले व्यवसायीक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम अन्तरगत तरकारी र बाख्रा पकेट संचालन तथा निरन्तरताको लागी निम्न कृषकलाई १०० प्रतिशत अनुदान वितरण गरेको देखियो । कृषकलाई शत प्रतिशत अनुदान दिएकोले पालिकामाथि बढी व्ययभार पारेको रु. | २,०४९,४४० |

| विवरण | पकेटको किसिम | कार्य सम्पन्न | दिनुपर्ने रु. | दिएको रु. | बढी रु. |
|---|---|---|---|---|---|
| विभिन्न कृषक समूहलाई बाख्रा, औषधि र घाँसको विउ वितरण | बाख्रानिरन्तरता | ५४५००० | २७२५०० | ५४५००० | २७२५०० |
| विभिन्न कृषक समूहलाई बाख्रा र दाना औषधि वितरण | बाख्रा | १३९५०० ० | ६९७५०० | १३९५००० | ६९७५०० |
| विभिन्न कृषकलाई खाडल खनेको रकम, मल, औषधि स्याउ तथा ओखरको विरुवा वितरण | ओखर तथा स्याउ | २१५८८८ ० | १०७९४४ ० | २१५८८८० | १०७९४४० |
| **जम्मा** | | | | | **२०४९४४०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **बढी अनुदान**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानो ठिमि भक्तपुरवाट प्रकासित भएको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/७९ को क्रियाकलाप नं. २.४.६.१ मा विधालयलाई पाठ्यपुस्तक वापतको रकम तेस्रो त्रैमासिक भित्र अनुदान दिने । यसरी अनुदान दिंदा पहिलो पटकमा विधार्थि संख्याको ७५ प्रतिशत लाई मात्र दिने । शैक्षिक सत्र २०७९ को विधार्थि भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग भएको रकम मात्र थप २५ प्रतिशतवाट अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ । पालिकाले सो नगरी १९ वटा सामुदायिक विद्यालयलाई एकमुष्ट ९७.०५ प्रतिशतले रु. १७,५७,०००.०० अनुदान उपलब्ध गराए पनि निम्न विद्यालयहरु उपलब्ध अनुदान भन्दा कम पाठ्यपुस्तकको खरिद गरेको विल पेश गरेको छ । तसर्थ बढी अनुदान निकासा भएको रकम असुल गर्नुपर्दछ रु. | ११०,७५५ |

| क्र.सं. | **विद्यालयको नाम** | **निकासा रु.** | **खरिद भएको पाठ्यपुस्तक.** | **बढी रु.** |
|---|---|---|---|---|
| १ | काखे प्रा. वि. | ७२८८३.०० | ५३७३५.०० | १९१५८.०० |
| २ | पागरपानी प्रा. वि. | २१२६१.०० | १८१३५.०० | ३१२६.०० |
